

# १३ सेवकहरुको समूदाय

*__यस अध्यायका मूल पदहरू:__* २ कोरन्थी २:१४-१६, प्रस्थान ३२:१-१४, १ पत्रुस २:१२, फिलिप्पी २:१५, एफिसी २:१९ र हिब्रू १०:२३-२५।

*__यस अध्यायको मूल सार पद:__* **"२३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।" (हिब्रू १०:२३-२५)।**

येशूलाई विश्वास गरेपछि जुन लक्ष्य हासिल गर्न हामी अग्रसर हुन्छौं तब एक विश्वासीहरूको संगठित समूदाय चर्चमा कस्ता कस्ता दक्षता वा खुबीहरू लुकेका हुन्छन् त्यसलाई पन्छाइरहनु बुद्धिमानी ठहर्रिंदैन। यस संसारमा अन्याय अत्याचार र मानिसहरूलाई दरिद्रतामा घचेट्न अनेकौं तत्वहरू छन् जसको सामना गर्नु हाम्रो चुनौति हो। तर समान आस्थाको समूहमा जब विश्वासीहरू तालमेल गरेर काम गर्दछन् तब हामी सबैजना एक आपसको निम्तिमात्र होइन हाम्रा वरिपरि रहेका सबैको निम्ति आशिषको स्रोत हुनसक्छौं।

कतिपय समयमा जब हामी चर्चको नाउँमा भेला हुन्छौं तब हामीहरूको ध्यान केवल चर्च कसरी चलाइरहने भन्नेतिर लागिरहेका हुन्छौं तर यो कुरा बिर्सन्छौं कि परमेश्वरले चर्चलाई यस संसारमा यस हेतुले अस्तित्वमा ल्याउनुभयो कि यसले संसारको सेवा गरोस्। हामी चर्चका सामूहिक सदस्यहरूले हाम्रो वरिपरि भइरहेका अन्याय, अत्याचार, दुःख, कष्ट, पापको बिगिबिगिप्रति आँखा चिम्लिरहन सुहाउँदैन। यदि येशूले हामीलाई वास्ता

गर्नुभयो वा हाम्रो हितको निम्ति उहाँले चासो देखाउनुभयो भने हामीले पनि अरूको वास्ता गर्नुपर्छ वा अरूको हितको निम्ति सक्रिय हुनुपर्छ। सुसमाचार प्रचार गर्ने आदेशप्रति हामी दृढ वा कर्तव्यपरायण त हुनुपर्छ तर त्यसको साथसाथै दलित वर्ग वा दविएका वर्ग, शोषित, भोका, नाङ्गा असहाय र पीडितको पक्षमा काम गरिरहनु पनि पर्दछ। हामी चर्च समुदाय होस् वा चर्च संगठन होस् हामी सबै जना येशू ख्रीष्टको शरिर हौं जसरी १ कोरन्थी १२:१२-२०मा भनिएको छ "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं– यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै।" (१ कोरिन्थी १२:१२-२०)।

यस परिप्रेक्ष्यमा, हामी विश्वासीहरूको समुदाय चर्च भएको हेशियतले हामी येशूको पाइलामा हिंड्नु जरुरी छ, उहाँले कहाँ कहाँ अरूको सहयोगको निम्ति हात पसार्नुभयो त्यहाँ त्यहाँ हामी जानु जरुरी छ, र उहाँका हात, पाऊ, आवाज र चित्त अर्थात् हृदयभएर यस संसारको सेवा गर्न उहाँले हामीलाई खटाउनुभएको छ भन्ने अडानमा हामी बिचलित हुनुहुँदैन।

## १. परिवर्तन ल्याउने परमेश्वरका प्रतिनिधि वा दूतहरू

इसाई जगतको इतिहासमा प्रेरितको पुस्तकमा उल्लेख गरिएका प्रथम् इसाई विश्वासीहरूको भूमिका सबै येशूभक्त हुँ भन्नेहरूको निम्ति अत्यन्तै अनुकरणीय उदाहरण बनेर रहेको छ। यथार्थमा मानव जातप्रति परमेश्वरको चाहना तिनीहरूले प्रतिबिम्बित गरेका थिए। तिनीहरूले यस्तो नयाँ खालको समूदाय गठन गरेका थिए जसले तिनीहरूको बीचमा अभावले दुःख पाएकाहरू वा अभावमा परेकाहरूको हेरचाह तिनीहरूले गरेका थिए। तिनीहरूको सदभाव

र प्रेमिलो क्रियाकलाप आफ्नो समाजभन्दा बाहिरकोलागि पनि तिनीहरूले उपलब्ध गराएका थिए। अभावमा परेकाहरूको सेवा गर्दै परमेश्वरले तिनीहरूमार्फत के गरिरहनुभएको थियो सोमा सहभागि हुन तिनीहरूले समस्त मानव प्राणीलाई आह्वान गरेका थिए।

चर्च भनेको नुन हो, ज्योति हो भन्ने नुन र ज्योति वा बत्तीको प्रतीकलाई प्रयोग गरेर येशूले चर्चको व्याख्या गर्नुभएको थियो। उहाँसँगै सहमत भएर पावलले पनि चर्च भनेको के हो भनेर विभिन्न प्रतीक वा सङ्केतद्वारा यस संसारमा चर्च कस्तो सक्रिय भएर चल्नुपर्छ भनेर केही आग्रह गरेका थिए। ती प्रतीकहरूमा केही यस्ता छन्: परमेश्वरका जनहरू हौं भन्ने प्रत्येक व्यक्ति जिउँदो बलि वा शहिद हो (रोमी १२:१ "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।" किनभने परमेश्वरलाई मरिसकेका इसाईहरूको आवश्यक छैन), कुनै पनि विश्वासीले आफ्नो शरिर आफ्नै हो भनेर दावि गर्ने अधिकार बाइबले दिएको छैन बरू प्रत्येक विश्वासी येशू ख्रीष्टको शरीर हुन् (१ कोरन्थी १२:१२-२० "१२ किनकि जस्तो शरीर एक छ, र त्यसका धेरै अङ्गहरू हुन्छन्, र शरीरका सम्पूर्ण अङ्गहरू धेरै भए तापनि शरीरचाहिँ एउटै हुन्छ, ख्रीष्ट पनि त्यस्तै हुनुहुन्छ। १३ किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा बप्तिस्मा पाएका छौं- यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई एउटै पवित्र आत्माबाट पिउन दिइयो। १४ किनकि शरीर एउटै अङ्गबाट मात्र होइन तर धेरै अङ्गहरूबाट बनिएको हुन्छ। १५ यदि खुट्टाले "म हात होइनँ, यसैले म शरीरको अङ्ग होइन" भन्यो भने, के त्यो शरीरको अङ्ग हुँदैन र? १६ र कानले "म आँखा होइनँ, यसैले म शरीरको अङ्ग होइनँ" भन्यो भने, त्यो शरीरको अङ्ग हुँदैन र? १७ यदि जम्मै शरीर आँखा हुँदो हो त सुन्ने कहाँबाट? यदि जम्मै शरीर कान हुँदो हो त सुँघ्ने कहाँबाट? १८ तर परमेश्वरले आफ्नो इच्छाबमोजिम शरीरमा हरेक अङ्ग मिलाएर राखिदिनुभएको छ। १९ यदि ती जम्मै एउटै अङ्ग हुँदा हुन् त शरीर कहाँ हुने? २० तर अङ्गहरू धेरै छन्, तापनि शरीरचाहिँ एउटै।" (जसरी पतिपत्नी वैवाहिक बिधिको सुत्रमा बाँधिएर एक हुन्छन् त्यसरी नै बप्तिस्माको प्रक्रियाद्वारा येशूभक्तहरू जुनसुकै जात, वर्ण, देश, लिङ्गभएतापनि येशूसँग एक भएको मानिलिनुपर्दछ अर्थात चर्च भन्ने

बितिक्कै कुन संघ,संस्था, निकाय-मिशन, भवन, सेक्शन, डिभिजन, जनरल कन्फरेन्स आदिमात्र होइन तर बप्तिस्मा लिने बेलामा प्रभुतिर बफादारी हुन्छु भनेर शपथ लिने सबै विश्वासीहरू हुन्। तिनीहरू नै मिलेर बिभिन्न निकायहरू बनिएका हुन्छन्। यदि आफूले शपथ खाए अनुसार कुनै पनि व्यक्ति आफ्नो सतमा नहिंडी केवल मिशन तथा चर्च भनेको चर्चलाई व्यवस्थित ढँगले चलाउने अगुवाहरूमात्र हो भनेर हेर्ने कसैको प्रवृत्ति छ भने त्यो व्यक्तिले आफूले आफैलाई धोखा दिइरहेको हुन्छ र अरूको सामु झुटो इसाई भनेर प्रदर्शन गरिरहेको हुन्छ जसले गर्दा प्रभुको नाउँलाई बिल्लबात गरिरहेको हुन्छ- अनुवादको कडा प्रतिक्रिया), येशू ख्रीष्ट तिनीहरूको निम्ति मर्नुभएको थियो भनेर स्वीकार गर्नेहरू राजाहरूका राजा येशूका राजदूतहरू हुन् (२ कोरन्थी ५:१६-२१: "१६ यसरी अब उप्रान्त हामी कसैलाई मानिसको दृष्टिकोणले हेर्दैनौं। हामीले ख्रीष्टलाई एक समय मानिसको दृष्टिकोणले हेरेका थियौं, तर अब उप्रान्त उहाँलाई त्यसरी हेर्नेछैनौं। १७ यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ। १८ यो सब परमेश्वरबाट भएको हो, जसले हामीलाई ख्रीष्टद्वारा आफूसँग मिलापमा ल्याउनुभयो, र हामीलाई मिलापको सेवा दिनुभयो, १९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। *२० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ*। २१ किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।") र मिठो वास्ना आउने अत्यन्तै बहुमूल्यको अत्तर (२ कोरन्थी २:१४-१७ "१४ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोर्‍याउनुहुन्छ, र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ। १५ किनकि उद्धार पाइरहेकाहरू र नष्ट भइराखेकाहरूका माझमा पनि हामी परमेश्वरको निम्ति ख्रीष्टको सुबास्ना हौं, १६ एउटाको निम्ति मृत्युको दुर्गन्ध र अर्काको निम्ति जीवनको सुगन्ध। यी कुराका निम्ति को योग्य छ र? १७ किनकि धेरै मानिसहरूसरह हामी परमेश्वरको वचन व्यापार गर्ने होइनौं, तर परमेश्वरले पठाउनुभएको निष्कपट मानिसको रूपमा

हामी परमेश्वरको सामुन्ने ख्रीष्टमा बोल्दछौं।")। परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादले गर्दा क्षतबिक्षत भएको यस संसारको माझमा प्रत्येक विश्वासी परमेश्वरको राज्यको दूत वा प्रतिनिधि हो भनेर देखाउन ती प्रतीक वा शङ्केतहरू येशू र पावलले प्रयोग गरेका थिए।

**चर्च भनेको के हो भनेर व्याख्या गरिएको माथिको प्रतीक वा सङ्केतहरूलाई फेरि केलाएर पढ्नुहोस्। तपाईं रहेको समाजमा तपाईं र तपाईंको चर्चले परमेश्वर र उहाँका मार्गहरूलाई कस्तो खालको प्रतीक भएर देखाउन चाहनुहुन्छ, र किन?**

माथिका प्रत्येक प्रतीक वा सङ्केतमा तिनीहरूको क्रियाकलाप जोडिएको हुन्छ। ती क्रियाकलापहरूद्वारा परमेश्वरले तिनीहरूलाई ग्रहण गर्नुभएको होइन (नभए असल आचरण, परोपकारीय काम वा धर्मकर्मले परमेश्वरलाई खुशी पार्न खोजेको ठहरिन्छ) तर तिनीहरूले येशू ख्रीष्टको बलि वा उहाँले उपलब्ध गराउनुभएको मुक्तिको बाटोलाई सहर्ष स्वीकार गरेको कारणले परमेश्वरले तिनीहरूलाई ग्रहण गर्नुभएको हो। परमेश्वरले तिनीहरूलाई ग्रहण गर्नुभएकोले उहाँको प्रेम र अनुग्रहप्रति आभार व्यक्त गर्दै टुटेको, फुटेको, मरिरहेको, घाइते र आहतले ग्रस्त भएको यस संसारमा सहर्ष हृदयले उहाँको प्रतिनिधि हुँदै सेवा गर्न तिनीहरू तत्पर हुन्छन्।

अझ येशूका भक्तहरू केवल चोट लागेको घाऊमा मलहमपट्टी लगाउने काममात्र गर्ने नभएर अझ गहिरो आदर्शको नीतिलाई अङ्गालेर चल्न सक्दछन्। परमेश्वरको राज्य नै प्रेम, अनुग्रह र दयाको राज्य भएकोले ती गुणहरूलाई चम्काउँदै आजै परमेश्वरको अनन्तको राज्यका नागरिक हौं भनेर हामीहरूको क्रियाकलापले जनसमक्ष देखाउन सक्दछौं।

अन्तराष्ट्रिय कानुन अनुसार यदि कुनै पनि राष्ट्रको दुतावास कुनै देशमा छ भने त्यो प्रतिनिधि राष्ट्र हो भनेर मानिन्छ। त्यो दुतावास भौतिकरूपमा विदेशमा होस् वा अन्यत्र टाढा किन नहोस् त्यो दुतावासलाई छुट्टै राष्ट्र भएको मानिन्छ। त्यसै गरि शैतानले यो संसार आफ्नो काबु (नियन्त्रण) छ भनेर दावी गरेको यस संसारभित्र चर्च व्यक्तिगत वा संस्थागतरूपमा परमेश्वरको राजदुतावास भएको सत्यप्रति सबै येशूभक्तले प्रतिवद्धता जनाउन आवश्यक छ। जसरी कुनै पनि दुतावासमा प्रतिनिधि देशकव नीति र निर्देशन अनुसार क्रियाकलापहरू हुन्छन् त्यसरी नै हामी पनि परमेश्वरको राज्यको नीति अनुसार चलेर अहिले नै उहाँको अनन्त राज्यको वास्तविकताको झलक

देखाउन सक्दछौं। हामीहरूकै क्रियाकलाप वा आचरणले एक दिन सबैको साझा शत्रु खराब तत्वको अन्त्य हुनेछ भन्ने विश्वास दिलाउन सक्छौं। जसरी राष्ट्रभित्र रहेको राष्ट्रका दूतहरूले आफ्नो क्रियाकलापद्वारा आफ्नो देशको प्रतिनिधित्व गर्छन् त्यसरी नै हामी पनि येशूका राजदूत भएर उहाँको प्रेम र न्यायको वास्तविकतालाई हाम्रो जीवन, चर्च र हामीहरूले सेवा गर्न खोजेकाहरूको जीवनद्वारा अनुभव दिलाउन सक्दछौं।

**जब कुनै मानिसले नौलो मानिसलाई भेट्दछ तब त्यस मानिसले नौलो मानिसको विशिष्ट गुणको सुवास वा वास्नाको अनुभव गर्छ। पावलले प्रत्येक येशूभक्त अरूको अगाडि सुवास वा अत्तर हो भनेर पहिल्याइएका छन् तर हामी कस्तो खालको अत्तर हो भनेर उनले उल्लेख गरेका दुई अत्तरमध्ये कुन् हौं भनेर कसरी छुट्याउने? हेर्नुहोस् "१४ तर परमेश्वरलाई धन्यवाद होस्, उहाँले हामीलाई ख्रीष्टमा सधैं विजयको निम्ति डोऱ्याउनुहुन्छ, र उहाँको ज्ञानको सुबास्ना हामीद्वारा हरेक स्थानमा फैलाउनुहुन्छ। १५ किनकि उद्धार पाइरहेकाहरू र नष्ट भइराखेकाहरूका माझमा पनि हामी परमेश्वरको निम्ति ख्रीष्टको सुबास्ना हौं, १६ एउटाको निम्ति मृत्युको दुर्गन्ध र अर्काको निम्ति जीवनको सुगन्ध। यी कुराका निम्ति को योग्य छ र? १७ किनकि धेरै मानिसहरूसरह हामी परमेश्वरको वचन व्यापार गर्ने होइनौं, तर परमेश्वरले पठाउनुभएको निष्कपट मानिसको रूपमा हामी परमेश्वरको सामुन्ने ख्रीष्टमा बोल्दछौं।" २ कोरिन्थी २:१४-१७।**

## २. बचेखुचेका सेवक

(यस संसारमा येशूलाई विश्वास गर्छु भनेर दावी गर्ने अनगिन्ति इसाईहरू छन् र तिनीहरूको न्याय गर्ने जिम्मा कुनै इसाईलाई दिइएको छैन त्यो अधिकार येशूले नै राख्नुभएको छ-अनुवादकको थप) यद्यपि येशूका बचेखुचेका वा बाँकी सही वा सत्यवादी सन्तान हुनेछन् भनेर बाइबलले भविष्यवाणी गरेको छ। सबैले मान्नुपर्ने त्यसको पहिचान प्रकाश १२:१७मा यसरी दिइएको छ, "अनि त्यो अजिङ्गर (शैतान) परमेश्वरका आज्ञा पालन गर्ने र येशूको गवाही दिने तिनका बाकी सन्तानसँग लडाइँ गर्न गयो" (**बिशेष जानकारीः कतिपय नेपाली अनुवादहरूमा यो पदको दोस्रो अंश हटाइएको छ भने आधुनिक बाइबल सोसाइटीको अनुवादमा यो पद कायमै गरि १८ पद थपिएको छ-अनुवादकको अबलोकन**)। यही बाँकी सन्तानका चरित्रलाई देखाउन भन्नेकुरालाई अझ पुष्टि गर्न प्रकाश १४:१२ले यसरी भन्दछ "परमेश्वरका

आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"-सर्बमान्य किङ्ग जेम्सको अनुवादमा "येशूको विश्वास" भनेर अनुवाद गरिएको छ भने नेपालीमा "येशूमाथि विश्वास" भनेर उल्लेख गरिएको छ। ती दुई अनुवादको अर्थ केही हदसम्म फरक छन्: येशूमाथि विश्वास भन्नाले उहाँप्रतिको विश्वास भन्ने जनाउँछ भने उहाँको विश्वास भन्नाले परमेश्वरमा उहाँको विश्वास जे थियो त्यही विश्वास परमेश्वरका आज्ञा पालन गर्नेहरूमा पनि हुनेछन् किनभने उहाँले पनि भन्नुभयो "मैले पिताका आज्ञाहरू पालन गरेको छु-यूहन्ना १५:१०-अनुवादकको थप जानकारी)। येशूमाथि विश्वास वा येशूको विश्वास भएकाहरू र उहाँका आज्ञाहरू पालन गर्ने वा दश आज्ञालाई शिरोपर गरेर चल्ने स्वभाव भएका बाँकी वा बचेखुचेका सन्तानहरू यस पृथ्वीको इतिहासको अन्तमा हुनेछन् भनेर बाइबलले किटान गरेको पाइन्छ। ती स्वभाव भएका सन्तानहरू कसरी अरूको सेवामा सक्रिय भएर चल्छन् भन्ने पर्याप्त उहाहरणहरू बाइबलमा उल्लेख गरिएका कथा वा पात्रहरूद्वारा हामीलाई देखाइएको छ।

**आफू एक्लै भएतापनि आफू परमेश्वरको राज्यको प्रतिनिधि हुँ भनेर निडर वा निर्भिक भएर आफ्नो क्रियाकलाप र प्रतिवद्धता देखाउने मोशाको उदाहरण अत्यन्तै प्रभावकारी छ। प्रकाश १२:१७मा उल्लेख गरिएको बाकी सन्तानका स्वभावहरू र प्रस्थान ३२:१-१४मा उल्लेख गरिएको मोशाको चरित्रको बीचमा के तुलनात्मक सम्बन्ध देखिन्छ? हेर्नुहोस्: "१ जब मानिसहरूले मोशालाई पर्वतबाट ओर्लन बियाँलो गरेका देखे, तब तिनीहरू हारूनकहाँ भेला भएर तिनलाई भन्न लागे, "उठ्नुहोस्, र हाम्रा अगिअगि जानलाई देवताहरू बनाउनुहोस्, किनकि हामीलाई मिश्रबाट निकालेर ल्याउने मोशालाई के भयो हामी जान्दैनौं" २ हारूनले तिनीहरूलाई भने, "तिमीहरूका पत्नीहरू र छोराछोरीहरूका कानमा भएका सुनका कुण्डलहरू फुकाली यहाँ मकहाँ ल्याओ।" ३ तब सबै मानिसहरूले आफ्ना-आफ्ना कानमा भएका सुनका कुण्डलहरू फुकालेर हारूनकहाँ ल्याए। ४ तिनले ती तिनीहरूका हातबाट लिएर हतियारले खोपे, र ढालेर बाछ्राको आकारको एउटा मूर्ति बनाए। तब तिनीहरूले भने, "हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्।" ५ यो देखेर हारूनले बाछ्राकै सामु एउटा वेदी बनाए, र तिनले यसो भनेर घोषणा गरे, "भोलि परमप्रभुको निम्ति एउटा चाड़ हुनेछ।" ६ भोलिपल्ट मानिसहरू बिहानै उठेर होमबलि चढ़ाए, र मेलबलि पनि ल्याए। तब**

तिनीहरू खानपान गर्नलाई बसे, अनि त्यसपछि मोजमा डुब्न उठे। ७ तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल ओर्ली, किनकि तैंले मिश्रबाट निकालेर ल्याएका तेरा मानिसहरूले आफैलाई भ्रष्ट पारेका छन्। ८ तिनीहरूलाई जुन मार्गमा हिँड्ने आज्ञा मैले दिएको थिएँ, त्यसबाट तिनीहरू यति चाँडै अर्कोतिर लागेका छन्। तिनीहरूले आफ्ना निम्ति बाछ्राको आकारमा एउटा ढालेको मूर्ति बनाएर त्यसैलाई पुजेका छन्, र त्यसैको निम्ति बलि चढ़ाएर भनेका छन्, 'हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्'।" ९ परमप्रभुले मोशालाई भन्नुभयो, "मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। १० अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तिमीबाट नै म एउटा ठूलो जाति बनाउनेछु।" ११ तर मोशाले परमप्रभु आफ्ना परमेश्वरलाई आग्रहपूर्वक भने, "हे परमप्रभु, तपाईंले आफ्नो ठूलो सामर्थ्य र शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएका आफ्ना मानिसहरूमाथि तपाईंको क्रोध किन यति साह्रै जलेको छ? १२ मिश्रीहरूले किन यसो भन्ने मौका पाऊन्? 'कुभलो चिताएर पर्वतहरूमा तिनीहरूलाई मार्न, र तिनीहरूलाई पृथ्वीबाट नाश गर्न उहाँले तिनीहरूलाई ल्याउनुभयो'। तपाईं आफ्नो भयङ्कर क्रोधलाई शान्त गर्नुहोस्, र आफ्ना मानिसहरूलाई हानी गर्नदेखि आफ्नो मन बद्लनुहोस्। १३ आफ्ना दासहरू अब्राहाम, इसहाक र याकूबलाई सम्झनुहोस्, जुनहरूसित तपाईंले आफ्नै नाउँमा शपथ खाएर यसो भन्नुभएको थियो, 'म तिमीहरूका सन्तानलाई आकाशका ताराहरूजस्तै बढ़ाउनेछु। मैले प्रतिज्ञा गरेको यो सारा देश तिमीहरूका सन्तानलाई दिनेछु, र तिनीहरू सधैंसम्म त्यसको अधिकारी हुनेछन्'।" १४ तब आफ्ना मानिसहरूलाई हानि गर्नदेखि परमप्रभुले आफ्नो मन बदल्नुभयो।"

जब इस्राएलीहरूले परमेश्वरसँग गरेको करार तुरुन्तै भङ्ग गरेर बाछ्राको मुर्तीको पूजा गरेर उच्छङ्खलतामा असिद्धिपनामा नाचगान र मद्यपानमा मस्त भएका थिए तब तिनीहरूदेखि परमेश्वर क्रुद्ध हुनुभयो। तिनीहरू कस्ता हठी मानिसहरू रहेछन् अब तिनीहरू सबैलाई नाश गरेर अब्राहमको सन्तानहरूलाई महान् राष्ट्र बनाउन दिनुभएको प्रतिज्ञा मोशा र उनका परिवारमा सार्ने वचन परमेश्वरले मोशालाई सुनाउनुभएको थियो (प्रस्थान ३२:१०)।

तर आफ्नो भाऊ नखोज्ने मोशाले परमेश्वरको प्रस्तावलाई सरासर अस्वीकार गरे। बरू परमेश्वरसँग विवाद गर्न नै उनी तयार भए। यदि

परमेश्वरले क्रोधमा अब्राहमको सन्तानलाई दिएको प्रतिज्ञा मोशालाई दिने धम्कि दिनुभयो भने सबैको अगाडि आफू नराम्रो देखिनेछु भनेर मोशाले उहाँलाई सम्झाए। अनि मोशा आफ्नो मामिलालाई परमेश्वरको सामु राख्न अग्रसर हुन्छन्।

उजाड स्थानको बाटो भएर इस्राएलीहरूलाई अगुवाई गर्न मोशाले ठूलो संघर्ष गरिरहेका थिए। इजिप्टबाट स्वतन्त्र भएको झन्दै त्यही दिनदेखि नै ती इस्राएलीहरूले मोशासँग गुनासो पोखाउँदै कचिङ्गल गरिरहेका थिए। ती मानिसहरू जतिसुकै कमजोर र कचकच गर्ने भएपनि तिनीहरूलाई क्षमा गर्न उनी परमेश्वरसँग बिन्ति गर्छन्। आफ्नो अनन्त जीवनलाई नै जोखिममा पारे परमेश्वरसँग यो प्रस्ताब उनले राख्दछन् "यदि तपाईंले तिनीहरूलाई क्षमा दिनुभएन भने मेरै नाउँ पनि तपाईंले लेख्नुभएको पुस्तकबाट हटाइदिनुहोस्" (प्रस्थान ३२:३२ रूपान्तरित)। आफ्नो यात्रामा सँगसँगै जाने इस्राएलीहरूको उद्धार गर्न मोशाले आफ्नो अनन्त जीवन नै त्यागने प्रस्ताव परमेश्वरसँग गरेका थिए।

अनन्त जीवनको निम्ति योग्य नभएका मानिसहरूको मुक्तिको निम्ति बिन्तिभाऊ गर्ने मोशाको निस्वार्थीपन अनुकरणीय उदाहरण मान्नुपर्दछ। मोशाले झल्काएको सारा मुक्तिको योजनाको प्रतीक पनि प्रभावकारी मान्नै पर्छ।

"जब इस्रएलीहरूको निम्ति मोशाले परमेश्वरसँग बिन्तिभाऊ गर्दै थिए तब उनमा भएको कुनै पनि काँतरपना बिलाएर गएको थियो, किनकि परमेश्वरको हातको अगुवाईले यत धेरै काम मोशाले गरेका थिए कि तिनीहरूप्रति उनको गहिरो माया, मोह र चासो सृजना भएको थियो। उनको बिन्तिभाऊ परमेश्वरले सुन्नुभयो र उनको निस्वार्थ प्रार्थना सुनिदिनुभयो। आफ्नो सेवक कस्तो थियो भनेर परमेश्वरले प्रमाणित गरेर देखाउनुभयो, परमेश्वरप्रति उनको बिश्वसनीयता, भुलै भुल गर्ने र आभारित नहुने मानिसहरूप्रति उनको प्रेम देखाउँदै अनेकौं दुःखकष्ट सहेर आफ्नो आदर्श चरित्र मोशाले देखाएका थिए। इस्राएलीहरूको भलाईप्रति उनको चासोमा कुनै स्वार्थ थिएन। परमेश्वरका जनहरूको फलिफाप आफ्नो व्यक्तिगत सम्मानभन्दा अति प्रिय थियो, उहाँको अगुवाईमा सृजना हुने शक्तिशाली राष्ट्र वा जातिको पिता हुने अबसरभन्दा पनि आफूले परिश्रम गरेर डोऱ्याइएका इस्रायली नै उनको निम्ति अति प्रिय भएको थियो। परमेश्वरप्रति निष्ठावान भएकोमा उहाँ मोशादेखि खुशी हुनुभएको थियो, उनको सरल र कोमल हृदय, उनको इमान्दारिताले गर्दा

उहाँले उनलाई बिश्वासीलो र भरपर्दो गोठाला हुने जिम्मा दिनुभएको थियो। प्रतिज्ञा गरिएको देशमा इस्रायलीहरूलाई लाने नेतृत्वको महान् जिम्मेवारी परमेश्वरले मोशालाई नै सुम्पनुभएको थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस, पृ. ३१९बाट रूपान्तरित।

**मोशाको अनुभव र एलेन जी ह्वाइटको कथनले हाम्रो बारेमा केभन्छ? हाम्रा वरिपरि रहेका परमेश्वरका जनहरूले गरिरहनेभुलप्रति हामीहरू कतिको कोमल र क्षमाशील हुनुपर्छ?**

## ३. परमेश्वरको मुक्ति दिलाउन मानिसहरूप्रति हाम्रो प्रयास

कतिपय समयमा चर्चमा विभिन्न विषयहरूलाई लिएर भारी छलफलहरू हुन्छन् र ती विषयहरूमा नै तिनीहरू अड्किरहेका हुन्छन्। जस्तैः समाजिक काममा संलग्न हुने हो कि सुसमाचार प्रचारमा, परोपकारीय काममा आफ्नो पैसा खर्च गर्ने होकि सुसमाचरीय काममा पैसा खर्च गर्ने हो, समाजमा भइरहेका अन्याय अत्याचारको विरुद्धमा अभियान चलाउने होकि सार्वजनिकरूपमा सुसाचार प्रचार गर्ने हो आदि। तर ती सबै अवधारणाहरूलाई मध्य नजर राखेर येशूको सेवाकार्यलाई नियाल्न सक्यौं भने ती सबै अवधारणाहरू वा गर्ने कि नगर्ने विवादहरूको अन्त्य स्वत हुन्छ। येशूको दृष्टिकोणले हामीले ती विषयहरूलाई हेऱ्यौं भने सुसमाचार प्रचार गर्ने काम र परोपकारीय काम दुवैमा हातेमालो गरेर चल्नुपर्छ भन्ने हामी महसुस गर्छौं। एलेन जी ह्वाइटको अत्यन्तै लोकप्रिय तथा समसामयिक कथनमा यो व्याख्या गरिएकोछः "मानिसहरूकहाँ जाने सही सफलता पाउन केवल येशूको तरिका अपनाएमात्र पनि पुग्छ। मानिसहरूको हित चाहने येशूले मानिसहरूको बीचमा घुलमिल गर्नुभयो। तिनीहरूप्रति उहाँले सहानुभूति देखाउनुभयो, तिनीहरूको आवश्यकता अनुसार उहाँले तिनीहरूको सेवा गर्नुभयो र तिनीहरूको विश्वसनीयता जितेर उहाँ तिनीहरूको विश्वासपात्र हुनुभयो। अनि उहाँले भन्नुभयो, "मेरो पछि लाग...."

"विभिन्न कारणले दरिद्र भइरहेको अनुभव गर्नेहरूलाई राहत दिनुपर्छ, बिरामीहरूको हेरचाह गर्नुपर्छ, अज्ञान वा निरक्षरहरूलाई सिकाउनुपर्छ, अनुभवमा काँचो हुनेहरूलाई सरसल्लाह दिनुपर्छ। जो रुन्छ तिनीहरूसँगै हामी पनि रुनुपर्छ र जो खुशी हुन्छ तिनीहरूसँगै हामी पनि खुशी हुनुपर्छ।"-द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४३बाट रूपान्तरित।

यो याद गर्नुहोस्, यस संसारमा परमेश्वरको राज्यमा दुईवटा कामहरू सँगसँगै गाँसिएको हुन्छ। ती कार्यहरू येशूको सेवाकार्यमामात्र नभएर येशूका चेलाहरूलाई दिनुभएको प्रथम आदेशमा पनि समावेश भएको छः "जब तिमीहरू घरमा जान्छौं तब त्यहाँ यो सन्देश सुनाऊः परमेश्वरको राज्य नजिक आएको छ। बिरामीहरूलाई निको पार, मरेकाहरूलाई ब्युँताऊ, कुष्ट रोगीहरूलाई निको पार, शैतानका आत्माहरूलाई धपाऊ। तिमीहरूले सित्तैंमा पायौ, सित्तैंमा देऊ" (मत्ती १०:७,८)। संक्षिप्तमा भन्ने हो भने, हाम्रो सन्देश मानिसहरूकहाँ पुऱ्याउने सब भन्दा उत्तम उपाय नै तिनीहरूको आवश्यकतामा सेवा गरेर पुऱ्याउनुपर्छ।

**असल काम गरेर परमेश्वरको गवाही दिनु कतिको प्रभावकारी हुन्छ भनेर पत्रुस र पावलले के भन्दछन्? हेर्नुहोस् "११ प्रिय हो,म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि विदेशी र प्रवासीहरू हौ भनी जानेर तिमीहरूका आत्माको विरुद्धमा लड़ाइँ गर्ने शारीरिक अभिलाषाहरूबाट अलग रहो। १२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन असल होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका असल कामहरू देखून्, र आगमनको दिनमा तिनीहरूले परमेश्वरको महिमा गरून्।" १ पत्रुस २:११-१२ र "१४ गनगन अथवा वाद-विवाद नगरी सबै काम गर्दैजाओ, १५ कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ। १६ जीवनको वचन दह्रिलो गरी पक्रिराख, ताकि म व्यर्थमा दगुरिनँ, र मैले व्यर्थमा परिश्रम गरिनँ भनी ख्रीष्टको दिनमा म गर्व गर्न सकूँ।" फिलिप्पी २:१४-१६।**

सुसमाचारको लक्ष्यलाई फराकिलो पाराले हेरियो भने यदि मानिसहरूप्रति माया,ममता र तिनीहरूको हितप्रति जोश भएन भने सुसमाचार प्रचारप्रसार अर्थहीन हुनजान्छ वा त्यसको प्रभावकारितामा प्रश्न उठ्दछ। सुसमाचार प्रचार गर्ने तर त्यस अनुसार आफू चलिएन भने कस्तो हुन्छ भनेर देहायका पदहरूले बुझाउन खोज्छन्: "१४ हामी जान्दछौं, कि हामी त मृत्युबाट पार भएर जीवनमा सरिसकेका छौं, किनभने हामी आफ्ना दाजुभाइहरूलाई प्रेम गर्छौं। जसले प्रेम गर्दैन, त्यो मृत्युमा रहिरहन्छ। १५ आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ। १६ यसैबाट प्रेम के हो हामी थाहा

पाउँछौं, कि उहाँले हाम्रा निम्ति आफ्नो प्राण दिनुभयो। हामीले पनि आफ्ना दाजुभाइहरूका निम्ति आफ्नो प्राण दिनुपर्छ। १७ कसैसित संसारको धन-सम्पत्ति छ, र पनि आफ्ना दाजुभाइलाई खाँचोमा परेको देख्दा उनीहरूप्रति आफ्नो मन कठोर पार्छ भने, परमेश्वरको प्रेमले कसरी त्यसमा वास गर्छ? १८ साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं। १९ यसैबाट हामी जान्न सक्छौं कि हामी सत्यका हौं, र यसरी उहाँको सामुन्ने हाम्रा हृदयलाई ढाड़स दिन सक्छौं। २० जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्दछौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ, र उहाँले सब थोक जान्नुहुन्छ।" १ यूहन्ना ३:१४-२० र "१४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र? १५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत वा मुर्दा विश्वास हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।" याकूब २:१४-२४।

सुसमाचार प्रचारप्रसारको उत्तम उपलब्धि भनेको यसले मानिसहरूलाई आशा दिलाउँछ, पापी तथा दुष्ट आचरणबाट तिनीहरूलाई उद्धार गर्दछ, तिनीहरूलाई पश्चाताप गराउँछ, तिनीहरूमा आमूल परिवर्तन वा तिनीहरूको

कायापलट गरिदिन्छ र तिनीहरूको न्यायोचित व्यवहारले परमेश्वरको सबैलाई समेट्ने प्रेमलाई झल्काउँछ। पापमा फसिरहेकालाई उद्धार गर्न, दिल टुटेकाहरूलाई निको पार्न र अनेक किसिमको पीडाले कष्ट पाइरहेका मानिसहरूको सेवा गर्ने प्रतिवद्ध परमेश्वरको प्रेमलाई हृदयमा सजाइराख्न सकियो भनेमात्र त्यो उब्जिन्छ। हामीहरूकै जीवनमा परमेश्वरको प्रभाव परिरहेको छ भने मात्र अरूप्रति हामीहरूको प्रेम फस्टाउन सक्छ। सुसमाचार प्रचार गर्ने र न्यायको निम्ति आवाज उठाउने औजार हामीहरूको हृदयभित्रैबाट उम्रिन्छ यदि हामीभित्र परमेश्वरको प्रेमले प्राथमिकता पाएको छ भने। त्यसकारण कुन काम गर्ने कुन काम नगर्ने भनेर हामीले रोज्ने होइन तर परमेश्वरलाई नै हामीहरूको जीवनमा अरूको निम्ति काम गर्न दिएर हामी परिचालित हुनुपर्छ। परमेश्वरसँग सहकर्मी भएर मानिसहरूको वास्तविक आवश्यकताप्रति सजग हुने र जुनसुकै स्रोतहरू परमेश्वरले हामीबाट उपलब्ध गराउनुभएको छ वा हाम्रो जिम्मामा छोड्नुभएको छ र त्यसलाई उपयोग गरि अरूको सेवामा सलंग्न हुने प्रयत्न हामीले गर्नुपर्छ ।

**अरूको असल सेवागर्ने क्रममा मुक्तिको सुसमाचार सुनाउने महान कार्यलाई पनि कसरी सँगै सम्पन्न गर्ने?**

## ४. चर्चभित्र हुनुपर्ने अनुग्रह

अय्यूबको पुस्तकमा पतित मानिससँग उहाँको कारोबार कस्तो थियो भनेर अय्यूबको पुस्तकको सुरूमा उल्लेख गरिएको छ। अय्यूब आफ्नै आत्मनिर्णयद्वारा परमेश्वरप्रति निष्ठावान भएकोमा उनी परमेश्वरबाट आशिषित भएका थिए। पापकै भूमरिमा जिउनुपरेतापनि परमेश्वरप्रति समर्पित भएकाले अय्यूब परमेश्वरको मार्गमा चलेका थिए जसले गर्दा परमेश्वरले उनको मुक्तकण्ठले यसरी प्रशंसा वा सराहना गर्नुभएको थियो "तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" अय्यूब १:८। परमेश्वरको प्रतिष्ठा, इज्जत र मान यस संसारमा उहाँका जनहरू कसरी जिउँछन् त्यसमा भरपर्न दिनु उहाँको उल्लेखनीय पक्ष हो। यस खालको परमेश्वरमाथिको विश्वासलाई अझ फराकिलो पार्दै पावलले चर्च समाजमा उहाँका "सन्तहरू" समावेश गर्न उनी भन्दछन्: "मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय

स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस् भन्ने उहाँको मनशाय थियो" (एफिसी ३:१०)।

**चर्च समूदाय वा समाज भनेको परमेश्वरको "घराना वा घर परिवार हो" भनेर पावलले देहायका पदहरूमा उल्लेख गर्दछन्। त्यस परिभाषाभित्र संगठित चर्च संचालन गर्दा विश्वासीहरूलाई कुन दृष्टिले हेर्नुपर्छ? हेर्नुहोस्ष "११ यसकारण याद राख, अघि तिमीहरू शरीरअनुसार अन्यजाति छँदा शरीरमा हातबाट खतना गरिएकाहरूले तिमीहरूलाई बेखतनाका मान्दथे। १२ याद राख, तिमीहरू त्यस बेला ख्रीष्टबाट अलग, इस्राएलका नागरिक हकबाट बाहिर भएका थियौ, र प्रतिज्ञाका करारहरूबाट बिराना, आशा नभएका र यस संसारमा परमेश्वररहित थियौ। १३ तर तिमीहरू, जो त्यस बेला ख्रीष्ट येशूबाट टाढ़ा थियौ, अब ख्रीष्टको रगतले नजिक भएका छौ। १४ किनकि उहाँ नै हाम्रो शान्ति हुनुहुन्छ। उहाँले हामी दुवैलाई एउटै बनाउनुभएको छ, र विभाजन ल्याउने शत्रुताको पर्खाल भत्काइदिनुभएको छ। १५ र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरू र धार्मिक-विधानहरूसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैमा एउटा नयाँ मानिस सृष्टि गरून्, र यसरी शान्ति स्थापना होस्। १६ अनि उहाँले क्रूसद्वारा हामी दुवैलाई एउटै शरीरमा परमेश्वरसँग मेल गराएर शत्रुतालाई शेष पार्नुभयो। १७ उहाँले आएर तिमी टाढ़ा भएका र नजिक भएकाहरूलाई मिलापको सुसमाचार सुनाउनुभयो, १८ किनकि उहाँद्वारा नै हामी दुवैले एउटै पवित्र आत्मामा पिताकहाँ प्रवेश पाएका छौं। १९ *यसरी अब तिमीहरू विदेशी र प्रवासी होइनौ, तर सन्तहरूसँग तिमीहरू सङ्गी-नागरिक र परमेश्वरको परिवारका सदस्यहरू भएका छौ।* २० त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ। २१ उहाँमा पूरै घर ठीकसँग एकैसाथ जोडिएर प्रभुमा एउटै पवित्र मन्दिर हुनलाई बढ्दैजान्छ। २२ अनि पवित्र आत्मामा परमेश्वरको वासस्थान हुनलाई तिमीहरू पनि उहाँमा एकसाथ निर्माण हुँदैजान्छौ।" ( एफिसी २:११-२२)।**

कुनै पनि समूदाय वा संस्थामा त्यस निकायले आफ्ना सदस्यहरूलाई कसरी व्यवहार गर्छ त्यसले समूदायको आधारभूत मूल्यमान्यताको जगलाई प्रतिबिम्बित गर्दछ। परमेश्वरको घराना वा घर परिवार (गुठी?), ख्रीष्टको शरीर र पवित्र आत्माको सङ्गति भएको कारणले चर्चलाई उच्च आदर्शमा जिउन बोलाइएको छ र त्यसै अनुसार जिउनुपर्दछः "परमेश्वर गोलमाल वा

अव्यवस्थको परमेश्वर होइन तर शान्तिको हो-प्रभुका जनहरू भएको हैशियतले सबै विश्वासीहरू शान्तसँग बाँच्नुपर्दछ" (१ कोरन्थी १४:३३ रूपान्तरित)।

न्याय, अनुग्रह र प्रेमको मूल्यमान्यता परमेश्वरले हाम्रो सामु प्रस्तुत गर्नुभएको छ। येशूका प्रत्येक भक्त ती गुणहरूले सजिएको हुनुपर्छ साथै चर्चमा जे भइरहेको छ त्यसमा ती गुणहरूले नै प्रभावित पारिरहेको हुनुपर्छ। स्थानीय चर्च समुदायदेखि लिएर विश्वव्यापी चर्च संगठनका अगुवाहरू ती गुणहरूले परिचालित हुनुपर्छ। चर्चलाई कसरी अघि बढाउने, कस्तो निर्णय गर्ने र चर्चमा भएका "सानाभन्दा साना (तल्लो स्तरकै किन नहुन्) येशूका भाइबहिनीहरूको सेवाशुश्रुषा गर्न येशूका प्रत्येक भक्त वा अगुवाले परमेश्वरकै न्याय, अनुग्रह र प्रेमले सजिएर चल्नु जरुरी छ। चर्चका सदस्यहरूको बीचमा हुने कचिङ्गल समाधान गर्न पनि ती गुणहरूले अगुवाइ गर्नुपर्दछ। यदि हामी विश्वासी भाइबहिनीलाई नै उचित र सम्मानपूर्वक व्यवहार गर्न सक्दैनौं भने विश्वासभन्दा बाहिर रहेकाहरूलाई कसरी न्यायोचित र सम्मानपूर्वक व्यवहार गर्ने?

जब चर्च संगठनले चर्चमा काम गर्न कसैलाई भर्ना गर्छ भने त्यो संगठन उदारवादी नियोजक वा हाकिम हुनुपर्छ। चर्चका सदस्यहरूलाई हुकुमी शासन नगर्ने तर न्यायोचित तरिका अपनाउने र कुनै थोकभन्दा मानिसहरूको मुल्यमान्यतालाई कदर गर्ने कर्मचारी वा हाकिम हुनुपर्छ। कमजोरहरूलाई संरक्षण दिने चर्च सुरक्षित ठाउँ हुनुपर्छ। चर्चमा यो पास्टरको काम हो भनेर नपन्छाइ चर्चका सदस्यहरूले भएसम्म एक आपसमा सहयोग गर्ने, एक आपसलाई सुरक्षा दिने जिम्मेवारी वहन गर्नुपर्छ। चर्चका परिवारमा रहेका जनहरूलाई सहायता गर्ने र कष्ट पाइरहेकाहरूको आवश्यकता हेरिदिने क्रियाकलाप सुरूका चर्चका सदस्यहरूमा थियो भनेर हामीले हेर्‍यौं।

चर्च कुनरूपमा चल्नुपर्छ भनेर येशूले सल्लाह दिनुभएन तर आदेश दिनुभयो। त्यो आदेशमा चर्च चल्न सक्यो भने आस्थामा रहेका समाजका सदस्यहरूको जीवनमा आमूल परिवर्तन आउन सक्छ वा तिनीहरूको काँचुली फेरिन सक्छ। तिनीहरूको केवल प्रचारवाजीमात्र होइन तर तिनीहरूको विश्वासमा कामको तालमेल भएको रहेछ भनेर अरूले देख्न पाउनुपर्छ। येशूले स्पष्ट निर्देशन दिनुभयोः "म नयाँ आज्ञा तिमीहरूलाई दिन्छुः तिमीहरू एक आपसमा प्रेम गर। जसरी मैले प्रेम गरें त्यसरी नै तिमीहरूले पनि एक

आपसमा प्रेम गर्नुपर्छ। तिमीहरू मेरा भक्त हौ भनेर देखाउने आधार नै तिमीहरूको बीचमा भएको प्रेम हो" (यूहन्ना १३:३४,३५ रूपान्तरित)।

## ५. असल काम गर्न एक आपसमा दिनुपर्ने हौशला

हामीले परमेश्वरको पक्षमा रहेर उहाँको इच्छा अनुसार सबैको हित गर्ने चाहनाले अभिप्रेरित भइ अत्यन्तै असल अभिप्रायकासाथ काम गरेतापनि प्रभुको निम्ति काम गर्न सधैं सजिलो हुँदैन जहाँ निराशा पनि हुनसक्छ। यस संसारमा भइरहेका दुःख, कष्ट, पीडा मनगडन्ते नभएर वास्तविक नै हुन् र जीवनका ती नकारात्मक पक्षहरूले कसैलाई पनि छोड्दैन। त्यसैकारण हामीलाई संगठित चर्च वा समूदायको आवश्यकता पर्छ। एक आपसमा सहयोग गर्ने समूहको उदाहरण येशूले आफ्ना चेलाहरूलाई समेटेर गठन गर्नुभएको कार्यलाई अनुकरणीय मान्नुपर्छ। येशूले आफ्ना चेलाहरूलाई एक्लै प्रचारप्रसार गर्न बिरलै पठाउनुभएको थियो, अर्थात् उहाँले जोडीजोडी मिलाएर परमेश्वरको राज्यको बारेमा गाउँघरमा सुनाउन पठाउनुभएको थियो। जब प्रचार गरेपछि तिनीहरू फर्केर आए तब तिनीहरू फेरि भेला भए र तिनीहरूको अनुभव एकआपसमा बाँडे जसले गर्दा तिनीहरूको बीचमा उर्जा मिलेको थियो र हौशला बढेको थियो।

**हिब्रू १०:२३-२५मा पावलले विशेष वचन कोरेका छन्। ती पदहरूमा पद २५ अत्यन्तै उल्लेखनीय छ। तर त्यसलाई उल्लेखनीय बनाउन अगाडिका पदहरू कसरी हामीहरूको बुझाइमा थपिन्छ? "प्रेम र असल काम गरेर" एक आपसमा हौशला दिने केही तरिकाहरू के के छन्? हेर्नुहोस्: "२३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।"**

कुनै पनि काम गर्दा वा योजनालाई कार्यान्वयन गर्दा समूहमा मिलेर काम गर्दा एक्लैले गरेको भन्दा पनि ठूलो उपलब्धि प्राप्त हुन सक्छ। चर्च निकाय कुनै एक व्यक्तिको होइन वा एक व्यक्ति होइन तर सबै जना मिलेको येशूको शरीर हो भनेर हामीलाई देहायका पदहरूले याद दिलाउँछ। यस मामिलामा पावलले यसरी भन्दछन्: "३ किनभने मलाई दिइएको अनुग्रहद्वारा

तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढ़ी नसम्झोस्, तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्। ४ किनकि जसरी हाम्रो एउटै शरीरमा धेरै अङ्ग हुन्छन्, तर सबै अङ्गहरूको एउटै काम हुँदैन, ५ त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। ६ हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं। अगमवाणीको हो भने, विश्वासको परिमाणअनुसार, ७ सेवाको हो भने, सेवाको काममा, शिक्षा दिनेले शिक्षा दिने काममा, ८ अर्ती दिनेले अर्ती दिने काममा, दान दिनेले उदार-चित्तले, शासन गर्नेले दत्तचित्तसाथ, कृपाको काम गर्नेले खुशीसित।" रोमी १२ः३-८। चर्चमा कसैसँग प्रतिस्पर्धा गरेर वा को भन्दा को ठूलो वा जान्ने भएर काम गर्ने होइन। हामी प्रत्येकमा आआफ्नै दक्षता छ कसैसँग जोरि नखोजि एक आपसमा परिपूरक भएर काम गर्नुपर्छ। हाम्रो उदेश्य सबैलाई परमेश्वरको मुक्तिको योजना अवगत गराउनु हो त्यसकारण एक आपसमा सहायता गरेर, हातेमालो गरेर त्यो लक्ष्यमा चलौं भन्ने प्रतिवद्धता जाहेर गरेर चर्चका सबै विश्वासीहरू चल्नुपर्दछ। जब हामी सबै जना आफ्नो खुबीले भ्यायसम्म इमान्दारसाथ मेहनत गरेर चल्छौं र आफ्नो सामर्थ्य अनुसार मिलिजुली काम गरेर अघि बढ्छौं भने हामीहरूको जीवन र कामले अनन्त जीवनको निम्ति केही न केही प्रभाव पार्न सक्छ भन्ने विश्वासमा भर पर्न सक्छौं।

जे ठिक छ त्यो काम गर्दा त्यसको परिणाम खोज्नु मनासिब हो। हाम्रो कामको परिणाम भनेको मानिसहरू र तिनीहरूको जीवन परिवर्तन भएको हेर्ने हो। तर कतिपय समयमा हाम्रो कामको परिणाम जेभएतापनि परमेश्वर र हामीले सेवा गर्ने मानिसहरूको बीचमा हो भनेर उहाँमा ढुक्क हुनुपर्दछ। मानिसहरूको दरिद्रतालाई उकास्न, कमजोरहरूलाई सुरक्षा गर्न, दविएकाहरूलाई स्वतन्त्र गर्न र आवाजबिहिनहरूको आवाज हुन खोज्दा कतिपय समयमा खास केही ठूलो प्रगति नभएको हामी पाउन सक्छौं। तर हामी जुन पुण्य काम गर्छौं त्यसको परिणाम तत्कालै नभएतापनि ठूलै काम गरिरहेकाछौं र हाम्रो कामले अन्तमा आएर बिजय प्राप्त गर्नेछ भन्ने कुरामा हाम्रो आशा छः "९ भलाइ गर्ने काममा हामी नथाकौं, किनभने यदि हिम्मत हारेनौं भने ठीक समयमा हामी कटनी गर्नेछौं। १० यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो

हाम्रो विश्वासका परिवारका हुन्।" (गलाती ६:९,१०) र "१६ भलाइ गर्न र आफूसँग भएका कुरा बाँड्चूँड् गर्न नभुल, किनकि यस्तै बलिहरूमा परमेश्वर प्रसन्न हुनुहुन्छ।" (हिब्रू १३:१६)।

त्यसकारण हामी येशूभक्त हौं भनेर दावि गर्छौं भने एक आपसमा उत्साह दिन हामीलाई करै लाग्छ। मुखलेमात्र होइन कामद्वारा नै एक आपसमा साहस दिनुपर्दछ। हाम्रो न्यायको परमेश्वरप्रति बफादार भएर चल्नु र न्यायको समूदायमा सरिक हुनु नै हाम्रो जीवनको लक्ष्य हो। त्यही लक्ष्य अनुसार र त्यही लक्ष्यमा पुग्न एक आर्कालाई टेवा दिने काम गर्न सक्यौं भने हामीहरूकै उदाहरणले हामीमा मिलेर अघि बढ्न अरूलाई प्रेरणा मिल्न सक्छ।

**अरूको दुःखकष्टमा साथ दिएर नियमित रूपमा काम गरिरहने मानिस वा समूह को हो के तपाईंले चिन्नुभएको छ? त्यस व्यक्ति वा समूहले के काम गरिरहेको छ त्यसलाई हौशला दिन तपाईं तपाईंले के कदम चाल्न सक्नुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित** *द आक्टस् अभ आपोस्टल्स* पृ. ५४६-५५६को लेख "ए फेथफुल विटनेस" र *वेलफेयर मिनिस्त्री,* पृ. ८१-८६को "काइन्डनेस द कि टु हर्टस्" पढ्नुहोस्।

"जुन काम येशूका चेलाहरूले गरे त्यही काम हामीले पनि गर्नुपर्छ। येशूलाई विश्वास गर्छु भन्ने प्रत्येक व्यक्ति मिसिनेरी वा सुसमाचारवाहक हो। दुःखकष्टमा परिरहेका मानव प्राणीको कष्टलाई हलुका पार्न हामीले निस्वार्थ भावले र करुणा तथा दया देखाएर सेवा गर्नुपर्छ।...

"भोकाएकाहरूलाई हामीले ख्वाउनुपर्दछ, नाङ्गोलाई हामीले लुगा दिनुपर्दछ, कष्ट र चोटमा परेकाहरूलाई हामीले सान्त्वना दिनुपर्दछ। हताशनिराश भएकाहरू र आशारहित भएकाहरूलाई हामीले आशाको प्रेरणा दिनुपर्छ।

"तरवार वा लट्ठीले दुष्टलाई सुधार्न खोज्नुभन्दा येशूको प्रेमले परिचालित भएर निस्वार्थ भावनाले सेवा गर्नु प्रभावकारी हुन्छ।...प्रायजसो मानवीयले दुष्टलाई सच्याउन खोज्दा उसको हृदय झन कठोर हुन जान्छ तर येशूको प्रेमको अनुभव उसले गर्न सक्यो भने उसको हृदय पग्लिन सक्छ।"- एलेन जी ह्वाइट, द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १०४,१०६बाट रूपान्तरित।

"दासप्रथा, जातभात प्रणाली, अन्यायपूर्ण रङ्ग वा वर्णभेदले पूर्वाग्रही, गरिबमाथि शोषण, कमजोरहरूको वेवास्ता गर्ने प्रवृत्तिहरू इसाई भनेर दावी गर्नेहरूलाई सुहाउँदैन। यस्तो खालको प्रवृत्ति मानव समाजको कल्याणको निम्ति गम्भीर खतरा हो। यी सबै खराब तत्वहरूलाई फाल्न परमेश्वरले ख्रीष्टको चर्चलाई नियुक्त गर्नुभएको हो।"-एलेन जी ह्वाइटको अन्त्यस्तीमा जनरल कन्फरेन्सको अध्यक्ष ए. जी. दानियलसको मनतव्य, *लाइफ स्केचेचस अभ एलेन जी ह्वाइट,* पृ. ४७३ रूपान्तरित।

**चिन्तनमनन:**

**अ) यस संसारमा धेरै मानिसहरू, समूहहरू, सामाजिक संघसंस्थाहरू छन् जसले संसारमा भएका अन्याय, अत्याचार र दुःखकष्टमा परेकाहरूलाई राहत दिन सक्रिय भइरहेकाछन्। यो कामको लागि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले के विशेष बल, भित्री ज्ञान, स्रोत र साधनहरू प्रयोग गर्न सक्छ?**

**आ) तपाईंलाई खाँचो परेको बेलामा तपाईंको चर्चका विश्वासीहरूले तपाईंलाई हौसला दिएको के तपाईंलाई सम्झना छ? त्यसबाट सिकेर तपाईंले त्यही खालको सेवा वा हौशला अरूहरूलाई कसरी दिनसक्नुहुन्छ?**

**इ) चर्चको समूदायलाई तपाईंले सहयोग गर्ने बाहेक अरू के के तपाईंले गर्नसक्नुहुन्छ ?जुन "असल काम गर्न तपाईं थाक्नुहुन्न?"**

**ई) न्यायको निम्ति र विपन्न वर्गलाई उकास्नको निम्ति विश्वभरी सेभेन्थ-डे एडभेन्टिस्टले गरिरहेको प्रयास के तपाईंलाई थाहा छ? चर्चको यस कार्यक्षेत्रलाई सहयोग गर्न तपाईं के गर्न सक्नुहुनुहुन्छ?**

**सारांश:** हो, हामी इसाई भएको हैशियतले अरूको आवश्यकतामा सेवा गर्न हामीलाई बोलाएको हो। यस संसारमा मानिसहरू अनेकौं किसिमले दुःखकष्ट, पीडा, आहत, निराशको भूमरीमा परिरहेका छन्। यस मामिलामा सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई चुपलागेर बस्न सुहाँउदैन। हामीहरूले व्यक्तिगत रूपमा कसैको सेवा गरिरहेका हौंला तर चर्च परिवारभएर सामूहिक रूपमा अरूको सेवा गर्दा अझ झन प्रभावकारी हुन्छ भन्ने कुरामा ध्यान दिन जरुरी छ।

# कथा १३
# खुट्टा त छैन, तर नयाँ जीवन
## लेपानीकुरुडुवाडुवा, ६०, फिजी

***लेपानीले आफ्नो जीवन समाप्त भएको सोचेका थिए।***

एकदिन फिजीको गाउँ नाकरानीको चर्चमा लेपानी मर्मतको काम गर्दै थिए। त्यसबेला अवकास पाएका स्कूलको शिक्षक लेपानीको दाहिने खुट्टा अचानक छुरीले काट्यो। उनको घाऊ चाँडै निको भएन। उनलाई डायबेटिक अर्थात् मधुमेह रोग भएकोले उनको घाऊ झन झन बढन थाल्यो। आखिरमा डाक्टरले उनलाई भने कि उनको खुट्टा काट्नुपर्छ। अपरेशनपछि लेपानी महिनौंसम्म ओछ्यानमा परे। आफ्नो जीवनको बारेमा उनले सोच्न थाले। उनी १७वर्षसम्म येशूको बारेमा सुनाउन उनले कहिल्यै पनि पराएको थिएन। त्यसले उनलाई अत्यन्तै दुखित तुल्याएको थियो। अब उनीसँग केवल एउटामात्र खुट्टा रह्यो। आफ्नो खुट्टा काटेर गुमाएको दस महिनापछि उनले कृतिम खुट्टा पाए र उनी हिंड्न सक्ने भए। "मसँग एउटामात्र खुट्टा भएतापनि परमेश्वरको निम्ति केही न केही गर्नुपर्छ" भनेर उनले दिनदिनै सोच्न थाले। जब उनले प्रार्थना गरे तब उनलाई एउटा कुरोको याद भयो। उनी र उनका चर्चका अरू विश्वासीहरूले एउटा गाउँमा सुसमाचार प्रचार गर्न धेरै समयदेखि चाहेका थिए। त्यस गाउँमा एक एडभेन्टिस्ट परिवार बस्छन् भन्ने कुरा उनले सम्झे। सुसमाचार प्रचार गर्न सहयोग गर्न उनले त्यस परिवारसँग अनुरोध गर्ने निर्णय गरे।

जब ट्याक्सी लिएर उनी त्यस घरमा गए तब त्यहाँ त्यस परिवारकी छोरी आनाले उनलाई सत्कार गरे। जुन परिवारले उनलाई सहयोग गर्ने आशा राखेका थिए ती परिवार अर्थात् आनाका बुबा र आमा अर्कै नाडी भन्ने टापुमा सरिसकेको कुरा आनाले बताइन्।

"तिमी कसरी आराधना गर्छ्यौं अहिले" लेपानीले सोधे। आफूले कहिलेकाहिँ छिमेकी निकोसँग मिलेर आराधना गर्ने गरेको उनले बताइन्। त्यो छिमेकी कुनै पनि चर्चकी सदस्य थिइनन्। "एक छिन प्रार्थना गरौं। म त्यस निकोको घरमा उनलाई भेट्न जान चाहन्छु" लेपानीले भने।

जब लेपानी र आना निकोको घरमा गए तब निकोको घरको ढोका अचानक ठूलो आवाजले खोलियो र त्यहाँबाट एक जना मानिस निस्केर आयो। "तपाईं पाहुनाकै निम्ति म पर्खिरहेको छु!" अत्यन्तै आभारी भएर ती मानिसले

बोले। निकोले पाहुनाहरूलाई आफ्नो घरभित्र हुले र उनले अचम्मको कथा सुनाए। धेरै समयदेखि कसैले उनलाई येशूको बारेमा सुनाओस् भनेर उनले प्रार्थना गरिरहेका थिए। जुन मानिस उनको घरमा पहिले आउँछ त्यस मानिसको चर्चमा आफू सामेल हुने कुरो परमेश्वरसँग उनले प्रतिज्ञा गरेका थिए। त्यस दिन बिहान जब उनी खाना पकाउन दाउरा खोज्न गएका थिए कुनै मानिस उनको घरमा आउँछन् भन्ने कुरा मनमा घचघचाइरहेको उनले महसुस गरेका थिए। अनि उनी घरमा दगुरेर आए तर घरमा कोही थिएन। अनि उनी नुहाएर बाहिर निस्कन्दै थिए तब उनले लेपानीको आवाज बाहिर सुने। तब उनी हतपत बाहिर आए। "तपाईंको चर्चमा म समावेश हुन चाहन्छु। अर्को साबथ म मेरी श्रीमती र तिन छोरीहरूसँग तपाईंको चर्चमा आउँछु" लेपानीले विश्वासै गर्न नसक्ने गरेर निकोले प्रस्ताव राखे। लेपानीले उनीसँग प्रार्थना गरे र उनी र उनका परिवार चर्चमा समावेस हुन चाहेको थाहा पाउँदा अत्यन्तै खुशी लागिरहेको कुरा व्यक्त गरे। "तर अर्को साबथ म तपाईंकहाँ आउँछु र तपाईंकै घरमा चर्च खोलेर परमेश्वरको आराधना गर्नेछु" निकोलाई अचम्म पार्दै लेपानीले भने। सात महिनासम्म लेपानीले प्रत्येक साबथ निकोको घरमा आराधना कार्यक्रम चलाए। अरू गाउँलेहरू पनि त्यस घरमा आराधना गर्न आए। लेपानीले सुसमाचारीय कार्यक्रमहरू चलाए। त्यसपछि १६ जनाले बप्तिस्मा लिए। तिनीहरूमा निको, उनकी श्रीमती र तिनीहरूका तिन छोरीहरू पनि थिए।

बिस्तारै निकोको घरमा भएको चर्च सानो हुन थाल्यो किनभने मानिसहरू धमाधम त्यहाँ आराधना गर्न आउन थाले। केही समयपछि त्यो चर्च निकोको घरबाट सरेर आफ्नै चर्च भवनमा सऱ्यो। लेपानी अहिले ६० वर्षको छ। यस वर्ष अर्को गाउँमा पनि चर्च खोल्न उनले आशा राखेका छन्। अनि त्यसको अर्को वर्ष अर्को गाउँमा चर्च खोल्ने उनको योजना छ।

आफ्नो खुट्टा गुमाएकोले आफ्नो जीवन परिवर्तन भएको लेपानीले यस लेखकलाई सुनाएका थिए। "जब मसँग दुई खुट्टाहरू थिए त्यसबेला मैले परमेश्वरको निम्ति केही पनि गर्न सकिँन। आज एउटै खुट्टोले परमेश्वरको निम्ति काम गर्न सकेको छु। मैले खुट्टा गुमाएपछिमात्र मैले के गर्नुपर्ने हो सो गर्नु पर्छ भनेर मैले महसुस गरेको छ" हँसिलो भएर आफ्नो मनको कुरो पोखाउँछन्।

*-आन्ड्रयु मेकचेसनी*

**यस त्रैमासिक भेटीको उब्रेका भागहरू जाने देशका केही जानकारीहरूः**

**अस्ट्रेलियाः** यो देशमा ४२९ चर्चहरू छन् भने १०७ झुण्डहरू छन्। २४,४८७,००० जनसंख्यामा ६१,३३८ एडभेन्टिस्टहरू छन्। यहाँ २७ वटा एडभेन्टिस्ट हाइस्कूलहरू छन्। अफ्रिकामा सुसमाचारीय प्रचार कार्यक्रममा संलघ्न हुँदा मेलबोर्न, अस्ट्रेलियाको अलेक्जान्डर डिक्सनले त्यहाँबाट फर्केर पहिलो पल्ट अस्ट्रेलियामा एडभेन्टिस्ट सन्देश उनले सुनाएका थिए। अस्ट्रेलियामा कँगारूसाथै धेरै थरिका जनावहरू छन्। ९०प्रतिशत मानिसहरू समुद्रको किनारामा बस्दछन्। यस देशको भित्री भूभाग सबै प्रायजसो मरुभूमि छ। त्यहाँका आदिवासीहरूलाई आवोरिजिन भन्दछ। अहिले तिनीहरू केवल २ प्रतिशतमात्र छन्। तिनीहरू हस्तकलामा निपुण छन्। संसारको सबभन्दा ठूलो बार अस्ट्रेलियामा छ। त्यो बार ३,४३६ माइल अर्थात् ५,५३० किलोमिटर छ।

**फिजीः** फिजीमा १६६ चर्चहरू छन् भने १०१ झुण्डहरू छन्। त्यो देशको जनसंख्या ८७८,००० छन् र २६,४८७ एडभेन्टिस्टहरू छन्। त्यहाँ दुई स्कूलहरू छन्। फिजीमा सबभन्दा पहिला सुसमाचार प्रचार गर्नेमा जोजन आइ टे थिए। उनी त्यहाँ सन १८९१मा पिटकारन जहाजबाट आएका थिए। केही महिनापछि त्यहीँ उनको मृत्यु भयो र पछि अरूले त्यहाँ सुसमाचार प्रचार गर्न थालेका थिए। फिजीको सबभन्दा ठूलो सहर सुभा हो जो त्यस देशको राजधानी पनि हो। त्यस देशमा ३२२वटा टापुहरू छन् र अरू ससाना टापुहरू छन्। फिजीमा फिजी, अङ्ग्रेजी र फिजी हिन्दी भाषा राष्ट्रिय भाषाहरू हुन्।

**न्यु क्यालेडोनीयाः** यो देशमा ६वटा चर्चहरू छन् भने चार झुण्डहरू छन्। त्यहाँको जनसंख्या २८३,००० छ र १,०२९ एडभेन्टिस्टहरू छन्। अक्टोबर २३, १९२५मा क्याप्टेन जोन्स र उनकी श्रीमतीले त्यहाँ पहिले सुसमाचार प्रचार गरेका थिए। त्यहाँका बासिन्दाहरू प्रायजसो क्याथोलिक र अरू संम्प्रदायका चर्चहरू छन्। तिनीहरूले स्थानीय परम्परागत आस्थालाई पनि मानिरहेका छन्। यो देश पनि टापुहरूको देश हो। त्यहाँको सरकारी भाषा फ्रेन्च हो।

**न्युजिलाण्डः** यो देशमा ८३ चर्चहरू छन् र २६ वटा झुण्डहरू छन्। त्यहाँ १३,१६७ चर्चका सदस्यहरू छन्। त्यहाँको जनसंख्या ४,७९२,००० छ। सन् १८७४मा अमेरिकामा रहेका साथी वा आफन्तहरूले सेभेन्थ-डे एडभेन्टिस्ट सम्बन्धी सामग्रीहरू त्यहाँ पठाइएकोले चर्चको शिक्षादीक्षाप्रति मानिसहरू आकर्षित भएका थिए। सन् १८८५मा अमेरिकन पास्टर एस.एन. हास्कल र उनकी श्रीमती अस्ट्रेलियाबाट आएका थिए र एडवार्ड हेयरको घरमा बसेका थिए। तिनीहरू त्यहाँ पहिले एडभेन्टिस्ट भए। पास्टर हास्कल बाइबलको शिक्षक थिए। उनले लेखेका बाइबल हाते पुस्तक नेपालीमा पनि अनुवाद गरिएको छ। त्यहाँका आदिवासीलाई मौरी भन्दछ। त्यस देशमा करिब चालिस लाख मात्रै जनसंख्यामात्रै छ। सन् १९५३मा पहिलोपल्ट सगरमाथा चढ्ने सर एडमन्ड हिलारी न्युजिलान्डबासी नै हुन्। यस देशमा एउटा ठाउँ छ जो संसारको सबभन्दा लामो नाउँ मानिन्छः *Taumatawhakatangihangakoauauotamateapokaiwhenuakitanatahu* अर्थात् टौमाटौह्वाकटानगिङ्गहाङ्गकोओउओउटामेटिपोकेइह्वेनुवाकिटानाटेहु। यो समुद्री किनारामा रहेको पहाडको नाउँ हो।

**पापुवा न्यु गिनी:** यो देशमा १०४५ चर्चहरू छन् र ३,१८२ झुण्डहरू छन्। यहाँ ३१५,७५९ एडभेन्टिस्टहरू छन्। यहाँको जनसंख्या ८,३१७,००० छ। यहाँ २९वटा स्वास्थ उपचार केन्द्रहरू छन् र एक स्वास्थ सेवा कार्यालय छ। यो देश ज्वालामुखी, भूकम्प र समुद्री आँधीले ग्रष्त हुने देश हो। यस देशमा ६००भन्दा बढि टापुहरू छन् र ८०० विभिन्न आदिबासी भाषाहरू छन्।
सोलोमन टापुहरूः यहाँ १९७ चर्चहरू छन्। ४०८ वटा झुण्डहरू छन्। ५२,९७५ एडेभेन्टिस्टहरू छन्। यहाँको जनसंख्या ६७१,००० छ। मे २९, १९१४मा जीफ जोन्सले त्यहाँ पहिले एडभेन्टिस्ट सुसमाचार सुनाइएका थिए। १९सौं र २०सौं शताब्दीमा मिसिनेरीहरूले भित्राएको इसाई आस्था मुख्य संस्थागत धर्म हो।